# बहुदरमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बहुअरी पिढरी, पर्सा
मधेश प्रदेश, नेपाल

फोन नं. ९८५५०१६१७४
email: bahudarmaimun@gmail.com


प.स.:२०८३।०८४
च.न. ५२

मिति: २०८३।०४।०८

सुचना: सुचना: सुचना:

(प्रथम पटक प्रकाशित मिति २०८३।०४।०८ गते)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम यस नगरपालिकाको स्वामित्वमा रहेको पोखरीहरुको बोलपत्रको माध्यमबाट आय ठेक्का बन्दोबस्ती गर्नुपरेकोले तपसिलका शर्तहरुको अधिनमा रहि ईच्छुक ब्यक्ति, फर्महरुले १५ दिनभित्र बोलपत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| आय ठेक्का नं. | विवरण | स्थान: | न्युनतम कबोल अंक (कर,भ्याट बाहेक) | ठेक्का अवधि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| ०१।०८३।०८४ | माछा पोखरी | वडा नं. ६,किता नं.४३ वडा कार्यालय अगाडी रहेको क्षेत्रफल ०-८-१८ (साविकमा रहेको) | ४,०८,०००।०० | ५ वर्ष | १०००।०० |
| ०२।०८३।०८४ | माछा पोखरी | वडा नं. ६,किता नं.१०१मा अवस्थित क्षेत्रफल ०-१६-० (साविकमा रहेको) | ४,४७,४८०।०० | ५ वर्ष | १०००।०० |
| ०३।०८३।०८४ | माछा पोखरी | वडा नं.७,किता नं.१०७ छपकैया मठ र मस्जिदको विचमा रहेको ०-४-० (साविकमा रहेको) | ३,५६,१००।०० | ५ वर्ष | १०००।०० |

शर्तहरु:

१, यो सूचना प्रकाशित मितिले १५औ दिन २०८३।०४।२२ गते भित्र यस कार्यालयबाट रु.१०००।०० रकम नगदै तिरी (पछि फिर्ता नहूने गरि) यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२, ठेक्काको लागि बोलपत्र फाराम १६औं दिन २०८३।०४।२३ गते दिनको १२:०० बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी (ब्यक्तिको हकमा) र फर्मको लागि करचूक्ता,नविकरण लगायतका कागजातहरु तथा आफूले कबोल गरेको अंकको ५%प्रतिशत धरौटी रकम यस कार्यालयको सिदार्थ बैंकमा रहेको धरौटी खाता नं.(ग-३) ००२१५३७८५९५ मा नगदै दाखिला गरेको सक्कलै बैंक भाउचर संलग्न राखी शिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनू पर्नेछ ।

३, रितपुर्वक दर्ता हून आएका बोलपत्र फारामहरु सोही दिन अर्थात १६ औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कूनै बाधा पर्ने छैन ।

४, बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कमश: सो को भोलीपल्ट खरिद,दाखिला र खोलीने कार्य हूनेछ ।

५, आय ठेक्का रकममा कूनै किसिमको परिस्थिति देखाई मिन्हा वा क्षतिपुर्ति सम्वन्धि कुनै शर्त स्वीकार्य हूने छैन ।

६, कबोल अंकको १३%प्रतिशत मु.अ.कर र १.५%अग्रीम आय कर समेत यस कार्यालयमा बुझाउनू पर्नेछ ।

७, पोखरीहरुको मर्मत संभार गर्नू परेमा ठेकेदार वा सकारकर्ता स्वंम आफैले गर्नूपर्ने छ ।

८, कारण जनाई वानजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९, आफुले सकार गरेको ठेक्का रकम एकमूष्ठ बूझाएमा नियमानुसार छूट दिईनेछ । आशिंक रुपमा किस्ता बुझाएमा बाकी रकमको बैंक ग्यारेन्टी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१०, अन्य विस्तृत शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

०८।०८

नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

CamScanner